# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन



सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**प्रकाशक**

मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

**जनकपुरधाम, धनुषा, नेपाल**

# दूई शव्द

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको प्रावधान बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सम्पादित कार्यहरु सूचीकृत गरी प्रकाशन गरिएको छ।

मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय तथा मातहतका निकायहरुको आ.व. २०८१/०८१ को स्वीकृत वार्षिक अनुसार मधेश प्रदेश सरकार तर्फको समग्र वितिय प्रगतिः ७५.१२ तथा भौतिक ९१ प्रतिशत तथा संघीय शर्सत अनुदान तर्फको समग्र वितिय प्रगतिः ७२.५४ तथा भौतिक ८५ प्रतिशत हासिल गर्नुभएको र भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटले सर्वोत्कृष्ट वितिय ९५.८६ तथा भौतिक १०० प्रतिशत हासिल गर्नु भएकोमा सम्पूर्ण परिवार प्रति हार्द्धिक आभार प्रकट गरी बधाई दिन चाहन्छु। यस कार्यमा सहयोग गर्नु हुने मुख्यमन्त्री मा. सतिष कुमार सिंहज्यू, वन तथा वातावरण मन्त्री मा. त्रिभुवन साहज्यू, राज्यमन्त्री मा. मञ्जु कुमारी खड्गज्यू, अर्थ मन्त्रालयका प्रदेश सचिव श्री सुभाष चन्द्र सिवाकोटी, प्रदेश वन निर्देशक श्री जगन्नाथ प्रसाद जयसवालज्यू, ८ वटै डिभिजनल वन अधिकृतज्यूहरु, २ वटै वरिष्ठ जलाधार ब्यबस्थापन अधिकृतज्यू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र निमित्त निर्देशकज्यू, वन तथा वातावरण मन्त्रालयका महाशाखा/शाखा प्रमुखज्यूहरु तथा मातहतका सम्बन्धित सवै महानुभावहरुमा हार्द्धिक धन्यवाद दिन चाहन्छु।

मन्त्रालयले आफ्नो नियमित विवरण प्रकाशन गर्ने सिलसिलामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको छ।

उद्धव बहादुर घिमिरे

प्रदेश सचिव

मितिः२०८१ साउन १ गते मङ्गलबार

# विषयसूची


क. मन्त्रालयको स्वरुप र प्रकृति 2

ख. मन्त्रालयको काम, कर्तव्य र अधिकार 2

ग. कर्मचारी संख्या र कार्य विवरण 3

घ. प्रदान गरिने सेवा 5

ङ. शाखा र जिम्मेवार अधिकारी 6

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि 6

छ. निर्णय गर्ने प्रक्रिया र अधिकार 6

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी 6

झ. सम्पादन गरेको कामको विवरण 6

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद 7

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची 7

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण 8

ड. तोकिए बमोजिमका अन्य विवरण 14

ढ. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण 14

ण. सार्वजनिक निकायको वेभसाईटको विवरण 15

त. मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण 15

थ. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन 16

द. मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि 16

ध. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय 16

न. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण 16

## क. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेशको वन, वातावरण तथा जलाधार क्षेत्रको विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै वन तथा वातावरण क्षेत्रको माध्यमबाट रोजगारीको सिर्जना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउँदै वन, वातावरण तथा जलाधार क्षेत्रको व्यवस्थापन र संरक्षणको माध्यमबाट मधेश प्रदेशको जनतालाई वन पैदावारको आपूर्ति, खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीका मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै वनजन्य स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्यका साथ २०७४/११/०३ मा स्थापना भएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय आ. व. २०७७/०७८ मा उद्योग, पर्यटन तथा वन मन्त्रालयको नाममा रुपान्तरित हुँदै आ.व. २०७९/०८० देखि वन तथा वातावरण मन्त्रालयको रुपमा क्रियाशील रहेको छ ।

## ख. मन्त्रालयको काम, कर्तव्य र अधिकार

मधेश प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०८० बमोजिम यस मन्त्रालयको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वनय र नियमन,
२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशीक संग्रहालय व्यवस्थापन,
४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
५. चिडियाखानाको व्यस्थापन,
६. जडिबुटी खेती प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याकं संकलन,
७. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,
८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग,
९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
१०.प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँट,
११. प्रदेशस्तरमा जलाधार संरक्षण सम्बन्धी नीति, प्रविधि विकास, व्यवस्थापन,
१२. प्रदेश भित्र भू तथा जलाधार एवं चुरे संरक्षण,
१३.वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,
१४.वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१५.वातावरणीय सूचना प्रणालीको स्थापना एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, अनुगमन र नियमन,
१६. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,
१७. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,
१८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
१९. न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास प्रकृया र हरित क्षेत्र प्रवर्द्धन,
२०. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, सम्बर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण,
२१. वातावरणीय क्षेत्रको अध्ययन, अनसुन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
२२. भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,
२३. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण व्वयस्थापन,
२४. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैचा स्थापना र व्यवस्थापन,
२५. प्रदेश भित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२६. प्रदेश भित्र जडिबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,
२७. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन।

उल्लेखित कार्य सम्पादनलाई सरलिकृत र प्रभावकारी वनाउनको लागि यस वन तथा वातावरण मन्त्रालय अन्तर्गत विभिन्न ३ वटा महाशाखा र अन्तर्गत शाखाहरु व्यवस्था गरिएको छ। महाशाखा तथा शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेको छ।

## ग. कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालयको स्वीकृत दरवन्दीको विवरण र कार्य विभाजन तपसिल बमोजिम रहेको छ।

| सि.न. | तह/श्रेणि | नाम | सम्पर्क न | कार्य जिम्मेवारी | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | उद्धव बहादुर घिमिरे | ९८४७११३१०७ | सम्पूर्ण | gmruddhaw@gmail.com |
| २ | महाशाखा प्रमुख | विपिन कुमार झा | ९८४४०२५५२३ | प्रशासन तथा योजना महाशाखा | bkjha25523@gmail.com |
| ३ | महाशाखा प्रमुख | अंजना कायस्थ | ९८५४०२०१५० | प्रशासन तथा योजना महाशाखा | anjanashrestha2027@gmail.com |
| ४ | महाशाखा प्रमुख | राजीव कुमार झा | ९८४५२६०९०० | वन तथा वातावरण महाशाखा | rajeevk.Jha2010@gmail.com |
| ५ | अधिकृतस्तर आठौं | बेचन कुमार महतो | ९८५४०३०९४८ | भू तथा जलाधार शाखा र सूचना अधिकारी | bechan.mahato@ymail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अधिकृतस्तर आठौं | लाल बाबु यादव | ९८५२८३५७४८ | योजना शाखा वन तथा वन्यजन्तु संरक्षण शाखा | lalbabuyadavrekha@gmail.com |
| ७ | अधिकृतस्तर आठौं | मनोज ठाकुर | ९८५४०२९२०८ | वन व्यवस्थापन तथा उद्यम शाखा र वातावरण तथा जलवायु अनुकूलन शाखा | manojthakurrina@gmail.com |
| ९ | अधिकृतस्तर सातौं | बब्लु कुमार झा | ९८४४२२३०२३ | आर्थिक प्रशासन शाखा | |
| १० | कानून अधिकृत | दिप नारायण शाह | ९८५४०२११५४ | फैसला तथा कानून कार्यन्वयन शाखा | sahdip35@gmail.com |
| ११ | अधिकृत छैठौं | राम बल्लभ मिश्र | ९८५४०२०१४६ | प्रशासन शाखा | |
| १२ | अधिकृत छैठौं | बीरेन्द्र कुमार यादव | ९८५४०२०१७४ | प्रशासन शाखा | |
| १३ | सहायकस्तर पाचौं | शत्रुधन प्रसाद साह | ९८५४०७८५५४ | जिन्सी शाखा | |
| १४ | सहायकस्तर पाचौं | धर्मेन्द्र कुमार साह | ९८१४७७३७५७ | वातावरण तथा जलवायु अनुकूलन शाखा | |
| १५ | सहायकस्तर चौथों | राजेश कुमार कर्ण | ९८११०३४५१४ | दर्ता चलानी | |
| १६ | ह.स.चा. (करार) | धिरु कुमार झा | ९८१९६३१९२७ | सवारी साधन व्यवस्थापन | |
| १७ | ह.स.चा. (करार) | संजय कुमार यादव | ९८०३५११४९१ | सवारी साधन व्यवस्थापन | |
| १८ | ह.स.चा. (करार) | राम जिवन कु. साह | ९८०४८३६१६६ | सवारी साधन व्यवस्थापन | |
| १९ | ह.स.चा. (करार) | पुरुषोतम खुलाल | ९८४५३१३९२९ | सवारी साधन व्यवस्थापन | |
| २० | का.स. (करार) | राज कुमार कापड | ९८१५८४०६७७ | कार्यलायको सरसफाई तथा सुरक्षा | |
| २१ | का.स. (करार) | रमेश कुमार पंडित | ९८६३६५६९३८ | कार्यलायको सरसफाई तथा सुरक्षा | |
| २२ | का.स. (करार) | राम भजन यादव | ९८२५८५०८९७ | कार्यलायको सरसफाई तथा सुरक्षा | |
| २३ | का.स. (करार) | निरज सिंह | ९८१३१२५०६६ | कार्यलायको सरसफाई तथा सुरक्षा | |
| २४ | का.स. (परामर्श) | बिक्की मेहतर | ९८००८३३०२२ | कार्यलायको सरसफाई तथा सुरक्षा | |

## घ. प्रदान गरिने सेवा

(सेवाको किसिम खुल्ने सूची, नागरिक वडापत्र)

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| | | शुल्क | समय | | |
| अध्ययन, अनुसन्धान प्रविधि विकास, सूचना प्रणाली तथा वनक्षेत्रका योजना निर्माण एवं ऐन, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा कार्यान्वयन | लिखित वा मौखिक अनुरोध | नि:शुल्क | प्राथमिकताको आधारमा | प्रशासन तथा योजना महाशाखा/ वन तथा वातावरण महाशाखा | प्रदेश सचिव |
| वन संरक्षण तथा व्यवस्थापनमा भएका समस्या तथा गुनासो व्यवस्थापन | लिखित वा मौखिक अनुरोध | नि:शुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | वन तथा वातावरण महाशाखा | शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुख र महाशाखा प्रमुखको सेवा प्रवाहमा प्रदेश सचिव |
| वातावरणीय जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | समूह/समितिको निर्णय(माइन्यूट)को फोटोकपी, सम्बन्धित पालिका/वडाको सिफारिश सहितको निवेदन । | नि:शुल्क | सेवाको प्रकृति हेरि ७ दिनभित्र शुरु | वन तथा वातावरण महाशाखा | शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुख र महाशाखा प्रमुखको सेवा प्रवाहमा प्रदेश सचिव |
| वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृती/प्रभावकारी नियमन तथा अनुगमन | लिखित | नि:शुल्क | सेवाको प्रकृति हेरि ७ दिनभित्र | वन तथा वातावरण महाशाखा | शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुख र महाशाखा प्रमुखको सेवा प्रवाहमा प्रदेश सचिव |
| जनशक्ति व्यवस्थापन तथा गुनासो व्यवस्थापन | लिखित/मौखिक अनुरोध | नि:शुल्क | सेवाको प्रकृति हेरि ७ दिनभित्र/ जनशक्ति व्यवस्थापन वर्षभरी | प्रशासन तथा योजना महाशाखा | शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुख र महाशाखा प्रमुखको सेवा प्रवाहमा प्रदेश सचिव |
| क्षमता विकास, प्रचारप्रसार तथा अन्य प्राविधिक सहयोग | लिखित/मौखिक अनुरोध | नि:शुल्क | सेवाको प्रकृति हेरि ७ दिनभित्र | प्रशासन तथा योजना महाशाखा | शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुख र महाशाखा प्रमुखको सेवा प्रवाहमा प्रदेश सचिव |

## ङ. महाशाखा/शाखा र जिम्मेवार अधिकारी

(संगठन तालिका बमोजिमका शाखा र जिम्मेवारी)

१. भू तथा जलाधार महाशाखा- विपिन कुमार झा, अधिकृतस्तर दशौं

२. प्रशासन तथा योजना महाशाखा र प्रवक्ता -अंजना कायस्थ, अधिकृतस्तर नवौं

३. वन तथा वातावरण महाशाखा-राजीव कुमार झा, अधिकृतस्तर नवौं

## च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(सेवाको किसिम अनुसारको दस्तुर र समयावधि)

जनतासंग प्रत्यक्ष सरोकार नहुने, नीति तथा कानून निर्माणको कार्य भएकोले दस्तुर नलाग्ने। साथै नीति निर्माणको कार्य भएकोले नियमित रुपमा हुने कार्य भएकोले अविधि नतोकिएको।सूचना माग गर्न आएमा नियमानुसार दस्तुर लाग्ने भएमा मात्र दस्तुर लाग्नेछ।

## छ. निर्णय गर्ने प्रक्रिया र अधिकार

(कार्य चरण/कार्य प्रवाह तालिका र निर्णयकर्ताको सूची)

यस मन्त्रालयमा निर्णय गर्नुपर्ने प्रकृतिका कामहरु यथाशिघ्र शाखा प्रमुखले उठान गरी महाशाखा प्रमुखज्यूको राय सहित आवश्यकतानुसार निर्णयहरु श्रीमान् सचिवज्यू/माननीय मन्त्रीज्यू/म.प.बाट हुने गरेको छ। नीति, ऐन, कानूनहरु निर्माण गर्दा प्रचलित कानूनको परिधि भित्र रहि निर्णय हुने गरेको छ।

## ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी

(उजुरी/पुनरावेदनको प्रक्रिया र पदाधिकारी)

यस मन्त्रालयले गरेका निर्णय, आईपरेको उजुरबाजुर उपर सुनुवाई यस मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख/ प्रदेश सचिव श्री उद्धव बहादुर घिमिरेबाट सुनुवाई हुने गरेको छ।

## झ. सम्पादन गरेको कामको विवरण

(अपेक्षित काम र परिमाण)

- प्रदेश वन नियमावली म.प.बाट स्वीकृती।
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृती।

- दिगो वन व्यवस्थापन कार्यविधि, २०८० स्वीकृती।
- वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८० स्वीकृती ।
- धनुषाधाम वन संरक्षण क्षेत्रमा प्राणी उद्यान स्थापना तथा संचालनको लागि म.प.बाट सहमति प्रदान।
- कार्यालय भवन निर्माण-१
- डायरी प्रकाशन/छपाई- १००० वटा
- क्यालेण्डर प्रकाशन/छपाई
- ऐन, नियम, सुधार कार्य योजना, मन्त्रालयको लिफलेट छपाई
- योजना तर्जुमा गोष्ठी संचालन
- चुरे सम्वन्धी अन्तरकृया कार्य
- विभिन्न दिवस समारोह भव्यताका सम्पन्न
- वेभसाईट व्यवस्थापन
- वन्यजन्तु पिडितहरुलाई राहत वितरण

## ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद

(नाम, पद, सम्पर्क नम्बर र फोटो)

| | |
|---|---|
| प्रमुखको नाम र पदः<br>उद्धव बहादुर घिमिरे<br>प्रदेश सचिव<br>मोबाईल नम्बर ९८४७११३१०७<br> | सूचना अधिकारीको नाम र पदः<br>बेचन कुमार महतो<br>भू-संरक्षण अधिकृत<br>मोबाईल नम्बरः ९८५४०३०९४८<br> |

## ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

(सम्बद्ध ऐन कानूनको सूची)

- प्रदेश वन ऐन, २०७७
- प्रदेश वन नियमावली २०८१
- कार्यक्रम संचालन तथा कार्यान्वयन निर्देशिका, २०७५/२०७६/२०७७/२०७८/२०७९/२०८०/०८१
- सार्वजनिक निर्माण र परामर्श सेवा कार्यका लागि कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९
- जिल्ला वन पैदावार आपूर्तिको निर्देशिका (कार्यविधि), २०७९
- दिगो वन व्यवस्थापन कार्यविधि, २०८१
- वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८१
- वन क्षेत्रको जग्गा सुकुम्वासीलाई वितरणमा रोक लगाउने नीतिगत निर्णय
- भू तथा जलाधार व्यवस्थापन कार्यालय २ वटा थपको म.प.बाट निर्णय
- धनुषाधाम वन संरक्षण क्षेत्रमा प्राणी उद्यान स्थापना तथा संचालनको लागि प्रदेश सरकारको निर्णय

## ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**मधेश प्रदेश सरकार तर्फ (मातहतका निकायहरु समेतको)**

आ.व. २०८०/०८१ कुल विनियोजित बजेट (चालु तथा पूँजीगत) रु. १,३९,२७,२४,०००/

आ.व. २०८०/०८१ को कुल बजेट खर्च (चालु तथा पुँजीगत) रु. १,०४,८४,२८,०००/

वार्षिक वित्तिय प्रगति विवरणः ७५.१२ प्रतिशत तथा वार्षिक भौतिक प्रगति विवरणः ९१.०० प्रतिशत

# मधेश प्रदेश सरकार तर्फको वन तथा वातावरण मन्त्रालय तथा मातहतको आ.व. २०८०/०८१ को वार्षिक प्रगति विवरण

| सि.नं. | कार्यालयको नाम | वार्षिक लक्ष्य | | | खर्च विवरण | | | वितिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत बजेट रु | चालु बजेट रु | जम्मा बजेट | पूँजीगत बजेट रु | चालु बजेट रु | जम्मा बजेट | |
| 1 | वन तथा वातावरण मन्त्रालय, जनकपुरधाम | 113.16 | 616.40 | 729.56 | 37.22 | 402.54 | 439.76 | 60.28 |
| 2 | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | 90.60 | 332.14 | 422.74 | 89.70 | 173.43 | 263.13 | 62.24 |
| 3 | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ सर्लाही | 15.00 | 156.91 | 171.91 | 14.85 | 106.80 | 121.65 | 70.76 |
| 4 | डिभिजन वन कार्यालय सप्तरी | 246.80 | 781.48 | 1028.28 | 154.74 | 477.85 | 632.59 | 61.52 |
| 5 | डिभिजन वन कार्यालय सिरहा | 335.60 | 673.50 | 1009.10 | 315.95 | 515.60 | 831.55 | 82.41 |
| 6 | डिभिजन वन कार्यालय धनुषा | 685.33 | 687.34 | 1372.67 | 331.48 | 514.90 | 846.38 | 61.66 |
| 7 | डिभिजन वन कार्यालय महोत्तरी | 574.00 | 616.30 | 1190.30 | 424.33 | 484.52 | 908.85 | 76.35 |
| 8 | डिभिजन वन कार्यालय सर्लाही | 246.60 | 674.57 | 921.17 | 192.03 | 493.81 | 685.84 | 74.45 |
| 9 | डिभिजन वन कार्यालय रौतहट | 429.78 | 820.24 | 1250.02 | 331.71 | 595.49 | 927.20 | 74.17 |
| 10 | डिभिजन वन कार्यालय बारा | 401.30 | 744.98 | 1146.28 | 391.90 | 655.35 | 1047.25 | 91.36 |
| 11 | डिभिजन वन कार्यालय पर्सा | 713.20 | 701.14 | 1414.34 | 400.60 | 409.42 | 810.02 | 57.27 |
| 12 | भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिरहा | 1156.50 | 200.34 | 1356.84 | 5.52 | 99.17 | 1106.53 | 81.55 |
| 13 | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट | 1747.00 | 197.03 | 1944.03 | 690.98 | 102.46 | 1863.53 | 95.86 |
| | जम्मा | 6754.87 | 7202.37 | 13957.24 | 3381.01 | 5031.34 | 10484.28 | 75.12 |
| | वार्षिक वितिय प्रगतिः ७५.१२ प्रतिशत तथा वार्षिक भौतिक प्रगतिः ९१ प्रतिशत | | | | | | | |

संघीय शर्शत अनुदान तर्फको आ.व. २०८०/०८१ को समग्र वार्षिक प्रगति विवरण(**मातहतका निकायहरु समेतको**) (बजेट रु लाखमा)

वार्षिक वित्तिय प्रगति विवरणः ७२.५४ प्रतिशत

# राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | डिभिजन वन कार्यालय सप्तरी | 59 | 58.32 | 98.85 |
| | | डिभिजन वन कार्यालय सिरहा | 64 | 61.64 | 96.31 |
| | | डिभिजन वन कार्यालय धनुषा | 88 | 87.72 | 99.68 |
| | | डिभिजन वन कार्यालय महोत्तरी | 51 | 30.71 | 60.22 |
| | | डिभिजन वन कार्यालय सर्लाही | 53.5 | 33.45 | 62.52 |
| | | डिभिजन वन कार्यालय रौतहट | 55.5 | 22.99 | 41.42 |
| | | डिभिजन वन कार्यालय बारा | 63.5 | 55.95 | 88.11 |
| | | डिभिजन वन कार्यालय पर्सा | 65.5 | 24.76 | 37.80 |
| | | जम्मा | 500 | 375.54 | 75.11 |

# जडिबुटी विकास कार्यक्रम

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ३२९९११२० | जडिबुटी विकास कार्यक्रम | डिभिजन वन कार्यालय सप्तरी | 14 | 14.00 | 100.00 |
| | | | डिभिजन वन कार्यालय सिरहा | 13 | 13.00 | 100.00 |
| | | | डिभिजन वन कार्यालय धनुषा | 14 | 14.00 | 100.00 |
| | | | डिभिजन वन कार्यालय महोत्तरी | 13 | 13.00 | 100.00 |
| | | | डिभिजन वन कार्यालय सर्लाही | 13 | 9.00 | 69.23 |
| | | | डिभिजन वन कार्यालय रौतहट | 14 | 13.87 | 99.07 |
| | | | डिभिजन वन कार्यालय बारा | 23 | 23.00 | 100.00 |
| | | | डिभिजन वन कार्यालय पर्सा | 26 | 17.00 | 65.38 |
| | | | जम्मा | 130 | 116.87 | 89.90 |

# वातावरण विभाग

| संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
| | वातावरण विभाग | डिभिजन वन कार्यालय सिरहा | 60 | 59.87 | 99.78 |
| | | डिभिजन वन कार्यालय महोत्तरी | 20 | 19.97 | 99.85 |
| | | डिभिजन वन कार्यालय सर्लाही | 20 | 19.89 | 99.45 |
| ३ | | डिभिजन वन कार्यालय रौतहट | 70 | 54.07 | 77.24 |
| | | डिभिजन वन कार्यालय बारा | 20 | 19.92 | 99.60 |
| | | जम्मा | 190 | 173.72 | 91.43 |

## जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम तथा जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम

संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ४ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | भू तथा जलाधार व्यवस्थापन कार्यालय सिरहा | 65 | 63.13 | 97.12 |
| | | भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहट | 80 | 79.90 | 99.88 |
| | | जम्मा | 145 | 143.03 | 98.64 |
| ५ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | डिभिजन वन कार्यालय सर्लाही | 380 | 79.81 | 21.00 |

# डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)

संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ६ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | डिभिजन वन कार्यालय सप्तरी | 143.65 | 140.00 | 97.46 |
| | | डिभिजन वन कार्यालय सिरहा | 172.34 | 171.15 | 99.31 |
| | | डिभिजन वन कार्यालय धनुषा | 91.07 | 91.04 | 99.97 |
| | | डिभिजन वन कार्यालय महोत्तरी | 145 | 96.00 | 66.21 |
| | | डिभिजन वन कार्यालय सर्लाही | 164.56 | 158.30 | 96.20 |
| | | डिभिजन वन कार्यालय रौतहट | 132.014 | 131.17 | 99.36 |
| | | डिभिजन वन कार्यालय बारा | 173.5 | 102.60 | 59.14 |
| | | डिभिजन वन कार्यालय पर्सा | 123.96 | 116.08 | 93.64 |
| | | वन तथा वातावरण मन्त्रालय | 41 | 0.00 | 0.00 |
| | | जम्मा | 1187.094 | 1006.34 | 84.77 |

# वन तथा भू-संरक्षण विभाग

| संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
| 7 | वन तथा भू-संरक्षण विभाग | डिभिजन वन कार्यालय सप्तरी | 27.18 | 24.53 | 90.25 |
| | | डिभिजन वन कार्यालय सिरहा | 67.84 | 61.44 | 90.57 |
| | | डिभिजन वन कार्यालय धनुषा | 54.96 | 51.02 | 92.83 |
| | | डिभिजन वन कार्यालय महोत्तरी | 47.68 | 44.65 | 93.65 |
| | | डिभिजन वन कार्यालय सर्लाही | 47.08 | 44.14 | 93.76 |
| | | डिभिजन वन कार्यालय रौतहट | 47.72 | 40.59 | 85.06 |
| | | डिभिजन वन कार्यालय बारा | 35.85 | 27.52 | 76.76 |
| | | डिभिजन वन कार्यालय पर्सा | 45.07 | 44.43 | 98.58 |
| | | प्रदेश वन निर्देशनालय जनकपुरधाम | 15.6 | 0.00 | 0.00 |
| | | जम्मा | 388.98 | 338.32 | 86.98 |

# समृद्धिका लागि वन कार्यक्रम

| संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
| ८ | समृद्धिका लागि वन कार्यक्रम | प्रदेश वन निर्देशनालय जनकपुरधाम | 380.7 | 205.31 | 53.93 |
| | | डिभिजन वन कार्यालय सप्तरी | 27.05 | 27.03 | 99.93 |
| | | डिभिजन वन कार्यालय सिरहा | 32.05 | 32.04 | 99.97 |
| | | डिभिजन वन कार्यालय धनुषा | 67.5 | 55.68 | 82.49 |
| | | डिभिजन वन कार्यालय महोत्तरी | 72 | 13.38 | 18.58 |
| | | डिभिजन वन कार्यालय सर्लाही | 77.2 | 30.20 | 39.12 |
| | | डिभिजन वन कार्यालय रौतहट | 91 | 46.00 | 50.55 |
| | | डिभिजन वन कार्यालय बारा | 78.25 | 52.55 | 67.16 |
| | | डिभिजन वन कार्यालय पर्सा | 62.25 | 24.37 | 39.15 |
| | | जम्मा | 888 | 486.56 | 54.79 |

# वन्यजन्तु आरक्ष आयोजना

| संघीय सशर्त अनुदान तर्फको समग्र प्रगति | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
| ९ | वन्यजन्तु आरक्ष आयोजना | वन तथा वातावरण मन्त्रालय | 27 | 27.00 | 100.00 |
| | | जम्मा | 27 | 27 | 100.00 |

| संघीय शर्शत अनुदान तर्फको आ.व. २०८०/०८१ को समग्र वार्षिक प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| १ | ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५०० | ३७५.५४ | ७५.११ |
| २ | ३२९९११२० | जडिबुटी विकास कार्यक्रम | १३० | ११६.८७ | ८९.९० |
| ३ | ३२९९११२२ | वातावरण विभाग | १९० | १७३.७२ | ९१.४३ |
| ४ | ३२९९११२६ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | १४५ | १४३.०३ | ९८.६४ |
| ५ | ३२९९११२५ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३८० | ७९.८१ | २१.०० |
| ६ | ३२९९११२७ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ११३८ | १००६.३४ | ८८.४३ |
| ७ | ३२९९११२४ | वन तथा भू-संरक्षण विभाग | ३८९ | ३३८.३२ | ८७.१२ |
| ८ | ३२९९११२१ | समृद्धिका लागि वन कार्यक्रम | ८८८ | ४८६.५६ | ५४.७९ |
| ९ | ३२९०३१०१ | वन्यजन्तु आरक्ष आयोजना | २७ | २७ | १००.०० |
| | जम्मा | | ३७८७ | २७४७.१९ | ७२.५४ |

**वितिय प्रगतिः ७२.५४ प्रतिशत**

**मन्त्रालयबाट सम्पादित मुख्य कार्यहरु**

- प्रदेश वन नियमावली म.प.बाट स्वीकृती।
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृती।
- दिगो वन व्यवस्थापन कार्यविधि, २०८० स्वीकृती।
- वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८० स्वीकृती ।
- धनुषाधाम वन संरक्षण क्षेत्रमा प्राणी उद्यान स्थापना तथा संचालनको लागि म.प.बाट सहमति प्रदान।
- कार्यालय भवन निर्माण-१
- उद्योग, कलकारखाना, अस्पताल, भौतिक पूर्वाधार निर्माण लगायतका कार्य गर्न वातावरणीय अध्ययन सम्वन्धी प्रारम्भिक वातावरणीय परिक्षण (आईई) को कार्यसूची १७ वटा र प्रतिवेदन १७ वटा तथा वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) को स्कपिङ्ग २ वटा, कार्यसूची २ वटा र प्रतिवेदन २ वटा स्वीकृत ।
- डायरी प्रकाशन/छपाई- १००० वटा
- क्यालेण्डर प्रकाशन/छपाई
- ऐन, नियम, सुधार कार्य योजना, मन्त्रालयको लिफलेट छपाई
- योजना तर्जुमा गोष्ठी संचालन
- चुरे सम्वन्धी अन्तरकृया कार्य
- विभिन्न दिवस समारोह भव्यताका सम्पन्न
- वेभसाईट व्यवस्थापन
- वन्यजन्तु पिडितहरुलाई राहत वितरण

जिल्लास्तरबाट संचालित कार्य

- संरक्षण हाम्रो मन प्रदेशको वन प्रदेशकै धन" नारालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ५४२ वटा सामुदायिक वनलाई ८२११२ हेक्टर मध्ये ३१ वटा सामुदायिक वनको ६७५० हेक्टर तथा १७ वटा साझेदारी वनको ४६१४३.८७ हेक्टर वन क्षेत्रमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली अवलम्वन गरी काठ दाउरा आपूर्तिमा सहजता ल्याउने कार्य।
- हरेक एक बृक्ष लगाउ कार्यक्रम अन्तर्गत विभिन्न वन प्रजातिको ३१ लाख बिरुवा उत्पादन गरी निःशुल्क रुपमा वितरण कार्य,
- नदी कटान तथा तटवन्ध निर्माण, आकस्मिक एवं एकीकृत भू–संरक्षण कार्य, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, बृक्षारोपण कार्य ।
- वन अतिक्रमण भएको १६४.०२ हेक्टर हटाई तारबार सहितको बृक्षारोपण कार्य सम्पन्न ।

**प्रगति हुन नसक्नुका कारणहरुः**

- वन गूरुयोजना तयारीको लागि कम बजेट तथा एउटै कृयाकलाप २ स्थानमा स्वीकृत भएर आउनु।
- १ हजारको १४ वटा कृयाकलाप स्वीकृत भएर आउनु।
- बजेट समर्पण गरेता पनि अर्थ मन्त्रालयबाट समर्पण नहुनु।
- पदाधिकारी तथा कर्मचारीहरुको रिक्तताको कारणले तलव भताको रकम खर्च नहुनु।

## ड. तोकिए बमोजिमका अन्य विवरण

(माथिको प्रकरणमा नपरेका सूचना) नरहेको

## ढ. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

(गत वर्षमा सञ्चालित कार्यक्रम)

| आ.व. २०७९/०८० को वार्षिक प्रगति विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कार्यालयको नाम | वजेट रु लाखमा | | | खर्च रु लाखमा | | |
| | | चालु वजेट रु | पूँजीगत वजेट रु | जम्मा वजेट | चालु वजेट रु | पूँजीगत वजेट रु | जम्मा वजेट |
| १ | वन तथा वातावरण मन्त्रालय, जनकपुरधाम | 884.40 | 103.70 | 988.10 | 487.31 | 23.69 | 511.00 |
| २ | प्रदेश वन निर्देशनालय, जनकपुरधाम | 342.60 | 363.56 | 706.16 | 148.90 | 324.98 | 473.88 |
| ३ | वन अनुसंधान तथा प्रशिक्षण केन्द्र, सागरनाथ सर्लाही | 506.94 | 108.20 | 615.14 | 386.08 | 104.30 | 490.38 |
| ४ | डिभिजन वन कार्यालय सप्तरी | 744.03 | 546.60 | 1290.63 | 541.67 | 458.56 | 1000.23 |
| ५ | डिभिजन वन कार्यालय सिराहा | 694.52 | 618.20 | 1312.72 | 560.57 | 494.40 | 1054.97 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | डिभिजन वन कार्यालय धनुषा | 750.80 | 663.70 | 1414.50 | 417.90 | 456.45 | 874.35 |
| ७ | डिभिजन वन कार्यालय महोत्तरी | 740.68 | 762.60 | 1503.28 | 542.52 | 363.07 | 905.59 |
| ८ | डिभिजन वन कार्यालय सर्लाही | 695.53 | 676.10 | 1371.63 | 531.40 | 363.03 | 894.43 |
| ९ | डिभिजन वन कार्यालय रौतहट | 913.45 | 597.50 | 1510.95 | 663.81 | 263.01 | 926.82 |
| १० | डिभिजन वन कार्यालय बारा | 919.50 | 730.40 | 1649.90 | 780.50 | 610.60 | 1391.10 |
| ११ | डिभिजन वन कार्यालय पर्सा | 618.20 | 980.40 | 1598.60 | 417.83 | 493.36 | 911.19 |
| १२ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिरहा | 10744.40 | 2095.98 | 12840.38 | 129.50 | 1229.10 | 1358.60 |
| १३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट | 213.88 | 2095.98 | 2309.86 | 210.07 | 2052.90 | 2262.97 |
| | जम्मा | 18768.93 | 10342.92 | 29111.85 | 5818.06 | 7237.45 | 13055.51 |

| | |
|---|---|
| भौतिक वार्षिक प्रगतिः ८०.०८ प्रतिशत | वित्तिय वार्षिक प्रगतिः ४४.८४ प्रतिशत |

<u>प्रगति हुन नसक्नुका कारणहरुः</u> भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिरहामा वजेट ईन्ट्री रु ८४ करोड ३२ लाख ४९ हजार बढी भएको।

## ण. सार्वजनिक निकायको वेभसाईटको विवरण

(वेभसाईट सम्बन्धी विवरण)

यस मन्त्रालयको वेभसाईट www.mofe.madhesh.gov.np रहेको छ।

## त. मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

(दाता र कार्यक्रम अनुसारको विवरण)

आ.व. २०८०/०८१मा विनियोजित बजेट (चालु तथा पूँजीगत) रु. १२,६८,००,०००/००

२०८१ बैसाख मसान्त सम्मको कुल खर्च (चालु तथा पुँजीगत)रु. ५,६६,३७,०००/००

| सि.नं. | वजेट उपशिर्षक नं. | कार्यक्रम/आयोजनाको नाम | बजेट रु लाखमा | बजेट खर्च रु लाखमा | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३२९९११२५ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३८० | ७९.८१ | २१.०० |
| २ | ३२९९११२१ | समृद्धिका लागि वन कार्यक्रम | ८८८ | ४८६.५६ | **५४.७९** |
| | | जम्मा | १२६८ | ५६६.३७ | ४४.९५ |

## थ. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

- प्रदेश वन नियमावली तयारी ।
- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृती।
- दिगो वन व्यवस्थापन कार्यविधि, २०८० तयारी।
- वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८० तयारी।
- प्रदेश वन ऐन, २०७७ को संशोधन मस्यौदा तयारी।
- वातावरण संरक्षण ऐनको मस्यौदा तयारी।
- मधेश प्रदेशको वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमको मस्यौदा तयारी।
- धनुषाधाम वन संरक्षण क्षेत्रको प्राणी उद्यान स्थापना तथा संचालनको लागि मन्त्रीपरिषदबाट सहमति प्रदान।

## द. मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

(सूचना वर्गीकरण) सबै सूचना खुल्ला रहेको।

ध. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय
(सूचना मागको निवेदन र प्रगति)

यस मन्त्रालयमा सूचना माग सम्बन्धी निवेदन पर्नासाथ नियमानुसारको प्रकृया पुरा गरी सूचना उपलब्ध गराउने गरेको छ।

## न. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

(प्रकाशनको सूची)

क. प्रदेशको वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८१
ख. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि, २०८१
ग. वन तथा वातावरण मन्त्रालयको डायरी प्रकाशन
घ. २०८१ सालको क्यालेण्डर प्रकाशन
ङ. वन तथा वातावरण सम्वन्धी विभिन्न खालको वन लिफलेट प्रकाशन










सामुदायिक वन सम्बन्धी
प्रथम कार्यशाला
Shot on OnePlus


सामुदायिक वन सम्बन्धी
प्रथम

प्रदेशको समृद्धमा योगदान पुर्याउनका निमित्त सर्वसम्मत् रुपमा यो प्रतिवद्धता - पत्र जारी गरिएको छ।

1. सामुदायिक वनलाई वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गर्दै मधेश प्रदेशलाई काठ, दाउरामा आत्मनिर्भर हुने।
2. काठ, दाउराको विक्री वितरणबाट समूहको आर्थिक सुधार गर्नुका साथै राजश्व अभिवृद्धि गर्ने।
3. वन व्यवस्थापनको माध्यमवाट समूह सदस्यहरुको रोजगारीमा बृद्धि गरी आर्थिक स्थितिमा सुधार गर्ने।
4. वन अतिक्रमण र वन डढेलो नियन्त्रण गर्न सामूहिक पहल र सहकार्य गर्ने।
5. सामुदायिक वनको उत्पादकत्वमा बृद्धि गरी वनको हैसियतमा सुधार गर्ने।
6. मधेश प्रदेशको सामुदायिक वन र समुदायद्धारा व्यवस्थित अन्य वन क्षेत्रका ढलापढा, सुख्खड खडा रुखहरु सडेर जलेर नास हुने भएको हुँदा सरल विधि अपनाई काठ, दाउरा संकलन तथा विक्री वितरण गर्ने व्यवस्था मिलाउने।
7. सामुदायिक वन उपभोक्ता समूहहरुमा मौज्दात रहेका पुराना काठ, दाउराको यथासिघ्र विक्री वितरण गर्ने।
8. सामुदायिक वन उपभोक्ता समूहहरुलाई २०८१ फागुन मसान्तसम्ममा स्थायी लेखा नम्बर (प्यान) लिने व्यवस्था मिलाउन समूहहरुलाई सचेतना तथा आवश्यक पहलकदमी गर्न सरोकारवाला संघ/संस्थाहरुसित सहकार्य र समन्वयमा गर्ने ।
9. मधेश प्रदेशमा भित्रका खाली, पर्ती, नदी उकास, तथा नदी किनारहरुमा जैविक तटबन्धको रुपमा भू-क्षय नियन्त्रण हुने बाँस लगायत अन्य विभिन्न विरुवाहरुको वृक्षारोपण गरी नदी किनारमा वनको विकास गर्दै स्थानीय

सम्बोधनका गर्न सम्बन्धित सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा आवश्यक पहल गर्ने ।

18. समृद्धिको लागि वन विकास कार्यक्रम संचालन निर्देशिकामा कार्ययोजना कार्यान्वयन अनुदान सम्वन्धि कार्य विवरण अव्यवहारिक भएकोले संशोधन गर्न पहल गर्ने ।
19. साना-साना टुक्रामा रहेका सामुदायिक वनहरुलाई उपभोक्ताहरुको सहमतिमा एकीकरण गर्न ।
20. निष्कृय रुपमा रहेका सामुदायिक वन उपभोक्ता समूहलाई सकृय बनाउन पहल गर्ने नभएमा कानून बमोजिम फिर्ता लिन पहल गर्ने ।
21. सामुदायिक वन उपभोक्ता समूहहरुको सामाजिक, आर्थिक र पर्यावर्णीय सुशासन कायम गर्न आर्थिक ऐन, नियम लगायत प्रचलित कानूनहरुको पूर्ण पालन गर्न उपभोक्ताहरुलाई सकृय बनाउने ।
22. सामुदायिक वनहरुमा रहेको सिमसार क्षेत्रको वातावरणमैत्री रुपमा संरक्षण र व्यवस्थापन गर्ने ।
23. चुरेक्षेत्रमा रहेका सामुदायिक वन लगायत अन्य वनको संरक्षण, सम्वर्द्धन र चुरेमैत्री व्यवस्थापन गर्ने ।
24. सामुदायिक वन उपभोक्ता समूह मार्फत गरिने कार्यहरु जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण, चुरे संरक्षण, जैविक विविधताको संरक्षण र भूमिगत जलको संरक्षण तथा पूनर्भरणका कार्यमा योगदान पुर्याउने ।
25. सामुदायिक वन उपभोक्ताहरुलाई उपलब्ध हुन सक्ने विभिन्न कोषहरुमा पहुँच पुर्याउन पहल गर्ने ।

मधेश प्रदेशको सामुदायिक वनको प्रथम कार्यशाला गोष्ठीको सम्पूर्ण सहभागीहरुको सक्रिय सहभागिता तथा छलफलवाट यो




















JAGAT
RESORT & RECREATION

... अभिवृद्धि एवं नेतृत्व विकास गर्ने र वन माथि परम्परागत उपभोक्ताको अधिकार स्थापना संरक्षण, प्रवर्द्धन तथा साझेदारी वनको संरक्षण, विकास तथा दिगो व्यवस्थापन र सतत् सदुपयोगका विषयमा प्रचलित नीति नियमलाई पूर्णपालना गर्ने/गराउने घोषणा गर्दछौं। हाल देशभर रहेका ३२ वटा साझेदारी वन उपभोक्ता समूहहरु मध्ये मधेश प्रदेशमा मात्र १७ वटा साझेदारी वन उपभोक्ता समूहहरु मार्फत मधेशको ४६१४३.८७ हेक्टर राष्ट्रिय वनको व्यवस्थापन भईरहेको छ।

साझेदारी वन व्यवस्थापन उपभोक्ता समूहको माध्यमबाट सामाजिक समावेशीकरण जिविकोपार्जनमा सुधार आएको, हरियाली अभिवृद्धि, जैविक विविधता संरक्षणको साथै साझेदारी वनको आम्दानीबाट सामुदायिक विकासमा समेत योगदान पुगेको छ।

मधेश प्रदेशमा रहेका साझेदारी वन क्षेत्रको संरक्षण, विकास, सम्वर्द्धन र दिगो व्यवस्थापन गरी वन क्षेत्र मार्फत मधेश प्रदेशको समृद्धिमा योगदान पुर्याउनका निमित्त सर्वसम्मत् रुपमा यस कार्यशाला गोष्ठीबाट यो प्रतिबद्धता-पत्र जारी गरिएको छ।

१. साझेदारी वनलाई वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन मार्फत साझेदारी वनको उत्पादकत्व वृद्धि तथा वनको हैसियतमा सुधार गर्दै मधेश प्रदेशलाई काठ, दाउरामा आत्मनिर्भर बनाउने।
२. काठ, दाउराको बिक्री वितरणबाट समूहको आर्थिक सुधार गर्नुका साथै राजश्व अभिवृद्धि गर्ने।
३. वन व्यवस्थापनको माध्यमबाट समूह सदस्यहरुको रोजगारीमा वृद्धि गरी आर्थिक स्थितिमा सुधार गर्ने।
४. वन अतिक्रमण र वन डढेलो नियन्त्रण गर्न सामूहिक पहल र सहकार्य गर्ने।
५. मधेश प्रदेशको साझेदारी वन र समुदायद्धारा व्यवस्थित अन्य वन क्षेत्रका ढलापढा, सुक्खड खडा रुखहरु सडेर जलेर नास हुने भएको हुँदा सरल विधि अपनाई काठ, दाउरा संकलन तथा बिक्री बितरण गर्ने व्यवस्था मिलाउने।

१३. मधेश प्रदेश भित्रका साझेदारी वनहरुको दिगो वन व्यवस्थापनमा सघाउन साझेदारी वन उपभोक्ता समूहहरुको दक्षता विकास गर्न क्षमता अभिवृद्धि सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने।
१४. वन्यजन्तु पिडितहरुको राहतका लागि प्रभावकारी व्यवस्था सरल तथा सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्ने।
१५. वन पैदावार र कृषि उपजमा आधारित जैविक उर्जा (बायोग्यास, बायो ब्रिकेट आदि),वैकल्पिक उर्जाको उत्पादन गर्... स्थानीय ऊर्जामा आत्मनिर्भर बन्न चाहने घरधुरीका लागि अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउन पहल गर्ने।
१६. समृद्धिको लागि वन विकास कार्यक्रम संचालन निर्देशिकामा कार्ययोजना कार्यान्वयन अनुदान सम्बन्धि कार्य विवर... अव्यवहारिक भएकोले संशोधन गर्न पहल गर्ने।
१७. निष्कृय रुपमा रहेका साझेदारी वन उपभोक्ता समूहलाई सकृय बनाउन पहल गर्ने।
१८. साझेदारी वन उपभोक्ता समूहहरुको सामाजिक, आर्थिक र पर्यावरणीय सुशासन कायम गर्न आर्थिक ऐन, निय... लगायत प्रचलित कानूनहरुको पूर्ण पालन गर्न उपभोक्ताहरुलाई सकृय बनाउने।
१९. साझेदारी वनहरुमा रहेको सिमसार क्षेत्रको वातावरणमैत्री रुपमा संरक्षण र व्यवस्थापन गर्ने।
२०. साझेदारी वन उपभोक्ता समूह मार्फत गरिने कार्यहरु जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण, चुरे संरक्षण... जैविक विविधताको संरक्षण र भूमिगत जलको संरक्षण तथा पूनर्भरणका कार्यमा योगदान पुर्याउने।
२१. साझेदारी वन उपभोक्ताहरुलाई उपलब्ध हुन सक्ने राष्ट्रिय तथा अन्तरराष्ट्रिय विभिन्न कोषहरुमा पहुँच पुर्याउन पह... गर्ने।


डिभिजन वन कार्यालय
चिनी मिल वन नर्सरी







# सिमसार संरक्षण तथा व्यवस्थापन





